आज मिति २०७९ साल माघ ०५ गते बिहिवारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को १७ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित :**

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. गाउँसभा सम्बन्धमा ।
३. भाडा संकलन सम्बन्धमा ।
४. जग्गा पास सम्बन्धमा ।
५. विस्तृत आयोजना प्रतिवेदन निर्माण सम्बन्धमा ।
६. आर्थिक सहायता सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/०९/२२ गते बसेको आ.व. २०७९/०८० को १६ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७९/१०/०६ गते संचालन हुने १२ औं गाउँसभामा तपसिल बमोजिमका एजेण्डाहरु पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।
   १) कार्यपालिका बैठक अनुमोदन ।
   २) आ.व. २०७९/०८० को बजेट संसोधन ।
   ३) ऐन अनुमोदन सम्बन्धमा ।
   ४) ऐन संसोधन सम्बन्धमा ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्रका विभिन्न सरकारी संरचनाहरु भाडामा लिई विभिन्न व्यक्तिहरुले व्यवसायीक तथा व्यक्तिगत कार्यमा प्रयोग गरिरहेको तथा लामो समय देखि भाडा नबुझाएको तथा पटक पटक ताकेता गर्दापनि हालसम्म भाडा संकलन हुन नसकेको हुँदा हाललाई भाडा बुझाउने ७ दिनको समय दिई सूचना जारी गर्ने तथा ७ दिन भित्र पनि भाडा नबुझाएमा कारवाही प्रकृया अगाडी बढाउन तथा भाडा नबुझाई अटेर गर्ने व्यक्तिहरुलाई गाउँपालिका तथा वडा कार्यालयबाट दिने सेवा सुविधा समेत बञ्चित गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.७ स्थित श्री जनप्रिय आ.वि. लाई आवश्यक जग्गा देवानगञ्ज गा.पा. वडा नं.१ बस्ने श्री राजेश कुमार मेहताले निजको स्वामित्वमा रहेको साविक रा.सि. वडा नं.२/क कि.नं. ९५,

क्षेत्रफल ०-१-१५ को जग्गा पुरै तथा साविक राजगञ्ज सिनवारी गा.वि.स. वडा नं. २/क, कि.न.५२१ क्षेत्रफल ०-३-१४ बाट ०-२-०५ क्षेत्रफल जग्गा दुवै जग्गाको प्लट मिल्नेगरी निःशुल्क रुपमा दिन सहमति सहित गाउँपालिकामा निवेदन पेश गर्नु भएकोले उक्त जग्ग विद्यालयको नाममा पास प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्र कृषिको लागि सिचाई गर्न ७ वटै वडाका कृषि क्षेत्रमा अध्ययन गरी विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्ने भएकोले तत्काल उपर्यूक्त शिर्षकबाट भुक्तानी हुनेगरी विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिलको समितिले आर्थिक सहायता माग गरी निवेदन पेश गरेको हुँदा तपसिल बमोजिमको आर्थिक सहायता अन्य विविध पूँजीगत खर्चबाट भुक्तानी गर्ने सर्वसम्बत निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | नाम | ठेगाना | निवेदक | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | काली तथा छठ पुजा समिति | देवानगञ्ज ५ | अरुण मेहता | ५० हजार |
| २ | श्री श्री १०८ श्री जितमाहान पूजा समिति | देवानगञ्ज २ | बैजनाथ मेहता | ५० हजार |